जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २९४ पृष्ठः ४ | २०८२ चैत्र ०४ बुधबार (Wednesday 18 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## चन्देश्वर मण्डलः शिक्षकदेखि संघीय सांसदसम्म

गाउँको शिक्षकबाट सुरु भएको चन्देश्वर मण्डलको यात्रा स्थानीय नेतृत्व हुँदै प्रदेश अध्यक्ष र संघीय सांसदसम्म पुगेको छ।



**सुरेश राय**

सिरहा, ३ फाल्गुन। २०२१ सालमा सिरहाको अर्नामा गाउँपालिका–४ लक्ष्मीपुरमा जन्मिएका चन्देश्वर मण्डलले २०३८ सालमा नेकपा एमालेको सदस्यता लिएर राजनीतिक यात्रा सुरु गरे। सुरुवाती समयदेखि नै पार्टी संगठन विस्तार, जनसम्पर्क र स्थानीयस्तरका राजनीतिक गतिविधिमा सक्रिय रहँदै उनले पार्टीलाई मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए। गाउँदेखि जिल्ला हुँदै प्रदेश तहसम्म विभिन्न जिम्मेवारी सम्हाल्दै उनले राजनीतिक अनुभव बटुले।

राजनीतिसँगै मण्डल शिक्षण पेसामा पनि संलग्न थिए। २०४६ सालतिर उनले गृहजिल्ला अर्नामा गाउँपालिका–४ गौरिपुरस्थित जनकल्याण उच्च माध्यमिक विद्यालयमा करिब दुई वर्ष विज्ञान विषय अध्यापन गरेका थिए। शिक्षक हुँदा समाजलाई नजिकबाट बुझ्ने अवसर पाए, जसले उनको राजनीतिक र सामाजिक यात्रामा पनि सकारात्मक प्रभाव पार्‍यो।

स्थानीय नेतृत्वको अनुभव पनि मण्डलको राजनीतिक यात्राको महत्वपूर्ण अध्याय हो। उनले गौरीपुर गाविसका अध्यक्षका रूपमा दुई कार्यकाल गरी करिब १० वर्ष नेतृत्व सम्हालेका थिए। अध्यक्षका रूपमा उनले स्थानीय विकास, शिक्षा, सामाजिक सेवा तथा आधारभूत पूर्वाधार विकासका क्षेत्रमा उल्लेखनीय पहल गरेका थिए। गाउँको विकास र जनताको समस्याप्रति संवेदनशील नेतृत्वका रूपमा उनी परिचित भए। सामाजिक क्षेत्रमा पनि मण्डल उत्तिकै सक्रिय छन्। उनले नेपाल रेडक्रस सोसाइटीको जिल्ला शाखामा पाँच वर्ष उपसभापतिको रूपमा काम गरेका थिए।

त्यसपछि पाँच वर्ष रेडक्रस सोसाइटी प्रदेश महासचिवको जिम्मेवारी सम्हाल्दै उनले मानवीय सेवा, विपद् व्यवस्थापन तथा सामाजिक सहयोगका विभिन्न अभियानमा योगदान दिए। पार्टी संगठन भित्र पनि मण्डलले निरन्तर जिम्मेवारी पाउँदै आएका छन्। गाउँदेखि जिल्ला तहसम्म विभिन्न पदमा रहेर काम गरेका उनले २०७४ सालमा नेकपा एमाले सिरहाको जिल्ला अध्यक्षको जिम्मेवारी सम्हाले।

संगठन निर्माण, कार्यकर्ता

**–बाँकी तीन पेजमा**

## मधेशको चाहनाः प्रदेशसँग आफ्नै प्रहरी होस्

**मिथिलेश यादव**




सिरहा, ३ चैत्र। गत माघ ५ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता एवं पार्टीद्वारा प्रधानमन्त्रीका रूपमा अघि सारिएका बालेन्द्र शाहले चुनावी सभालाई पहिलो पटक मधेस प्रदेशको राजधानी जनकपुरधाममा सम्बोधन गर्दै भनेका थिए, 'अब अधिकार माग्न होइन घुम्न काठमाडौं आउनुहोला।' अधिकार माग्न अब काठमाडौं धाउने प्रवृत्तिको अन्त्य गर्ने उद्घोषसहितको उनको भाषणले खुबै चर्चा बटुल्यो। अहिले उनी प्रधानमन्त्री बन्ने लगभग पक्कापक्की भइसकेको छ।

मधेससहितका प्रदेश सरकार सञ्चालनको अभ्यास गरेको आठ वर्षमा संविधानमा व्यवस्था भएको अधिकार माग्न कैयौं पटक काठमाडौं पुगेर संघीय सरकारलाई गुहारिसकिए पनि प्रदेशहरूलाई अझै अधिकार प्राप्त भइसकेको छैन। केही दिनअघि मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले एक कार्यक्रममा वरिष्ठ नेता शाहको जनकपुरधामको भाषण सम्झँदै भनेका थिए, 'वर्षौंदेखि अधिकार पर्खिबसेको प्रदेशलाई उहाँ (बालेन्द्र) ले अधिकारसम्पन्न बनाउनुहुन्छ भने आशा छ। हामी चाहन्छौं अब अधिकार माग्न काठमाडौं धाउनु नपरोस्।'

उनले थप भनेका थिए, 'सरकार हुनुको सामान्य औचित्य हो– शान्ति सुरक्षाको प्रत्याभूति, अपराध नियन्त्रण, अपराधमाथि अनुसन्धान, कानुन कार्यान्वयन। त्यसका लागि सम्बन्धित सरकारसँग आफ्नै प्रहरी चाहिन्छ। नेपालमा संघीय प्रणालीको अभ्यास हुन थालेको आठ वर्ष बितिसक्दा पनि प्रदेशहरूसँग आफ्नै प्रहरी छैन।'

यस्तो अवस्थामा मधेससहितका

**–बाँकी अन्तिम पेजमा**

## नेपालतर्फ तस्करी हुन लागेको १८६० कार्टुन काँचो केरा बरामद



रौतहट, ३ चैत्र। रौतहट र बारा सङ जोडिएको भारतीय सीमा क्षेत्रबाट तस्करी हुँदै नेपाल भित्र्याउन लागिएको ठुलो परिमाणमा काँचो केरा भारतीय सुरक्षा टोलीले बरामद गरेको छ। भारतीय सीमा सुरक्षा बल एसएसबीको ७१ बटालियनको इन्टेलिजेन्स सेटअपबाट प्राप्त सूचनाका आधारमा आईएनबी सीमा स्तम्भ नम्बर ३५६–३ नजिक पिठवा गाउँ क्षेत्रमा संयुक्त सुरक्षा टोलीले सोमबार राति साढे ९ बजे अपरेसन सञ्चालन गरेको थियो।

प्राप्त सूचनाअनुसार एफ कम्पनी जमुनियाको टोलीले झरोखर प्रहरी चौकीसँग समन्वय गरी संयुक्त रूपमा नाका निगरानी गरेको थियो। सो क्रममा केही व्यक्तिहरू टाउकोमा कार्टुन बोकेर तथा मोटरसाइकलमार्फत भारतबाट

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## डढेलोबाट जोगिऔं र जोगाऔं।

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
- डढेलोबाट जोगिन
- जथाभावीरूपमा वन तथा जंगल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं, वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## अभ्यास र आचरणमा देखिनु अनिवार्य

ताजा जनादेशपछि देश कुन दिशातर्फ अघि बढ्छ भन्ने अझै स्पष्ट छैन। विधिको शासन बलियो बन्छ कि विधि मिच्ने प्रवृत्ति संस्थागत हुन्छ अहिले नै निष्कर्ष निकाल्न सकिँदैन। यद्यपि, लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित संसद् र सरकारले लोकतन्त्रका आधारस्तम्भहरूमा प्रहार गर्ने 'कालीदासे दुश्चेष्टा' नगर्ला भन्ने अपेक्षा गर्नु अन्यथा नहोला। तर, न्यायालयतर्फबाट उठेका केही संकेतले भने चिन्ता बढाएका छन्। सर्वोच्च अदालतमा विचाराधीन एउटा मुद्दामा सम्बन्धित पक्षको पूर्वकानुन व्यवसायी रहिसकेका न्यायाधीशले नै सुनुवाइमा बस्न देखाएको आग्रहले न्यायिक निष्पक्षतामाथि प्रश्न खडा गरेको छ। यस्तो व्यवहारले न्यायालयबाटै लोकतान्त्रिक मूल्य मान्यतामा क्षति पुग्ने त होइन भन्ने आशंका जन्माएको छ।

न्याय गरेरमात्र पुग्दैन न्याय गरिएको देखिनु पनि उत्तिकै आवश्यक हुन्छ। न्यायपालिकाको वास्तविक शक्ति कानुनी अधिकारभन्दा बढी जनविश्वासमा आधारित हुन्छ। न्यायाधीशकै आचरणले पक्षपातको सन्देह जन्मायो भने त्यसले संस्थाको नैतिक आधार कमजोर बनाउँछ। नेपालको न्यायाधीश आचारसंहिता, २०७४ ले निष्पक्षता, उच्च नैतिकता र स्वार्थ विमुख आचरणको अपेक्षा गर्छ। व्यवहारमा पनि स्वार्थ बाझिने अवस्था देखिएपछि न्यायाधीशले स्वतः इजलासबाट अलग हुने परम्परा स्थापित छ। यही कारण आचारसंहिताको अक्षरभन्दा मर्म र भावनालाई बढी महत्त्व दिइएको हो।

अन्तर्राष्ट्रिय अभ्यास पनि यही भन्छ—न्यायाधीश निष्पक्ष हुनुपर्छ र निष्पक्ष देखिनुपर्छ। पूर्वसम्बन्धका कारण पक्षपातको आशंका देखिएमात्र पनि न्यायाधीशले आफूलाई अलग राख्नुपर्छ। युरोप र अमेरिकामा "देखिने पक्षपात" का आधारमा समेत निर्णयमाथि प्रश्न उठ्ने गरेका छन्। अदालत नागरिकका लागि अन्तिम आश्रय हो। त्यही संस्थामाथि सन्देह उत्पन्न हुन थाले लोकतन्त्रको मेरुदण्ड नै कमजोर हुन्छ। यहाँ चिन्ता कुनै एक न्यायाधीश वा एउटा मुद्दासँग सम्बन्धित होइन। सानो विचलनले पनि ठूलो नैतिक संकट निम्त्याउन सक्छ भन्ने चिन्ताको विषय हो।

'बिहानले दिनको झलक देखाउँछ' भन्छन्। नैतिक आचरणलाई बेवास्ता गर्ने प्रवृत्ति अपवादमै सीमित रहन्छ वा यसले व्यापक अभ्यासको रूप लिन्छ ? अबको व्यवहारले त्यसको उत्तर दिनेछ। न्यायालयले आफ्नो नैतिक उचाइ कायम राख्न सकेमात्र जनविश्वास जोगिन्छ। सरकार र सम्बन्धित निकायले पनि यस्ता प्रवृत्तिलाई प्रश्रय नदिने स्पष्ट सन्देश दिनुपर्छ। लोकतन्त्रको रक्षा अन्ततः संस्थागत नैतिकताबाटै सम्भव हुन्छ भने न्यायालय त्यसको पनि केन्द्रमा रहन्छ।

# समय बदलिँदा राजनीतिक दल पनि बदलिनुपर्छ

**आयुष बडाल**

नेपालको आधुनिक राजनीतिक इतिहासलाई गहिराइमा विश्लेषण गर्ने हो भने कुनै समय राजनीतिक दल जनताका आशा, आकांक्षा र विश्वासको केन्द्रमा थिए। गाउँदेखि सहरसम्म, विद्यार्थी आन्दोलनदेखि किसान आन्दोलनसम्म, संसद्देखि सडकसम्मको राजनीतिक शक्ति र वैचारिक नेतृत्व तिनै दलहरूको हातमा थियो। त्यतिबेला राजनीति केवल सत्ताको खेल मात्र थिएन। त्यो आन्दोलन, विचार, बलिदान र संगठनको संयोजन थियो। हजारौँ कार्यकर्ताहरूले जेल, यातना र संघर्षको बाटो पार गर्दै लोकतन्त्रका लागि लडेका थिए। यही संघर्षले नेपालमा बहुदलीय लोकतन्त्रको आधार निर्माण गर्‍यो र पुराना दलहरूलाई जनताको मनमा गहिरो स्थान दिलायो।

यी दलहरूमध्ये नेकपा एमालेको राजनीतिक यात्रा विशेष रूपमा उल्लेखनीय छ। पञ्चायती व्यवस्थाविरुद्धको संघर्षदेखि जनआन्दोलन, संविधान निर्माण र संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकाससम्म एमालेले नेपालको राजनीतिक इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। जनताको बहुदलीय जनवादको वैचारिक आधारमा संगठित हुँदै एमालेले आफूलाई केवल एउटा दल मात्र होइन, एक वैचारिक आन्दोलनका रूपमा स्थापित गरेको थियो। यही कारणले एक समय एमाले देशकै सबैभन्दा शक्तिशाली राजनीतिक शक्तिहरूमध्ये एक बन्न सफल भयो।

तर इतिहासले एउटा कुरा सधैँ प्रमाणित गरेको छ, कुनै पनि शक्ति स्थायी हुँदैन। अर्थशास्त्र, व्यवस्थापन र समाजशास्त्रमा एउटा सिद्धान्त छ- जीवनचक्रको सिद्धान्त। यस सिद्धान्तअनुसार हरेक संस्था, विचार वा उत्पादनले चार चरण पार गर्छः जन्म, विस्तार, परिपक्वता र अन्ततः अवनति।राजनीतिक दलहरू पनि यस नियमबाट मुक्त हुँदैनन्। कुनै दल आन्दोलनबाट जन्मन्छ, सङ्गठन विस्तार गरेर बलियो बन्छ, सत्तामा पुगेर परिपक्व हुन्छ, तर यदि समयअनुसार परिवर्तन गर्न सकेन भने क्रमशः कमजोर बन्दै जान्छ। आज नेपालको राजनीतिक परिदृश्य हेर्दा यस्तै प्रश्नहरू उठिरहेका छन्। हिजो अत्यन्त शक्तिशाली देखिएका दलहरू अहिले जनविश्वासको परीक्षणको चरणमा पुगेका छन्।

नेकपा एमालेकै कुरा गर्दा यो दल केवल चुनावी राजनीतिमा सीमित थिएन; यो आन्दोलन, संगठन र विचारको त्रिकोणमा आधारित राजनीतिक शक्ति थियो। विद्यार्थी सङ्गठन, युवा आन्दोलन, मजदुर संगठन र किसान आन्दोलनमार्फत एमालेले समाजको आधारभूत तहसम्म आफ्नो प्रभाव विस्तार गरेको थियो। नेपालको राजनीतिक इतिहासमा एमालेले खेलेका केही महत्वपूर्ण भूमिकाहरू उल्लेखनीय छन्।

यो दलले लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेलेको छ। जनताको बहुदलीय जनवादको वैचारिक स्थापना गरी संविधान निर्माण प्रक्रियामा सक्रिय भूमिका खेल्नुका साथै राष्ट्रिय स्वाभिमानको मुद्दामा स्पष्ट अडान लिएको थियो। सामाजिक सुरक्षा र विकासको एजेन्डामा जोड दिने पार्टी नै नेकपा एमाले हो। यी सबै कारणले एमाले लामो समयसम्म जनताको भरोसाको दलको रूपमा स्थापित रह्यो।

पछिल्लो दशकमा एमालेको राजनीतिक यात्रामा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको भूमिका अत्यन्त प्रभावशाली रह्यो। उहाँको नेतृत्वमा एमालेले राष्ट्रिय राजनीतिमा शक्तिशाली उपस्थिति बनायो। विशेषगरी राष्ट्रियताको सवालमा उहाँले देखाएको दृढ अडानले व्यापक जनसमर्थन प्राप्त गर्‍यो। नेपालको नयाँ राजनीतिक नक्सा जारी गर्ने ऐतिहासिक निर्णय, छिमेकी राष्ट्रहरूसँग समानताको आधारमा संवाद गर्ने प्रयास, सामाजिक सुरक्षा कार्यक्रम विस्तार, वृद्धभत्तालगायतका सामाजिक संरक्षण योजनालाई सुदृढ गर्ने पहल तथा पूर्वाधार विकासमा जोड दिने नीतिले उहाँको नेतृत्वलाई प्रभावशाली बनाएका छन्।

त्यस्तै, राजनीतिक अस्थिरताबीच पनि सरकार सञ्चालन गर्ने क्षमता, राष्ट्रिय स्वाभिमानको पक्षमा स्पष्ट आवाज उठाउने साहस र विकासको एजेन्डालाई केन्द्रमा राख्ने प्रयासहरू पनि उल्लेखनीय छन्। त्यसैले निष्पक्ष विश्लेषण गर्दा केपी ओलीको योगदानलाई इतिहासले अवश्य मूल्याङ्कन गर्नेछ। यद्यपि राजनीति केवल उपलब्धि र लोकप्रियताको कथा मात्र होइन। राजनीतिमा अर्को महत्त्वपूर्ण पक्ष हुन्छ। त्यो भनेको समयको मागअनुसार नेतृत्व परिवर्तन गर्ने क्षमता पनि हो। लोकतान्त्रिक संस्थाहरूको दीर्घकालीन स्थायित्वका लागि नेतृत्वको पुस्तान्तरण अत्यन्त आवश्यक हुन्छ। नयाँ पुस्तालाई अवसर दिनु, संगठनलाई पुनर्संरचना गर्नु र ऊर्जा थप्नु राजनीतिक दलहरूको जीवन्तताको आधार हो। यदि नेतृत्व धेरै लामो समयसम्म एउटै संरचनामा केन्द्रित रह्यो भने संगठनमा नयाँ सोच र ऊर्जा प्रवेश गर्न कठिन हुन्छ।

नेपाली कम्युनिस्ट आन्दोलनमा नेतृत्वको उत्तरदायित्व देखाउने एउटा महत्त्वपूर्ण उदाहरण विगतमा देखिएको थियो। तत्कालीन एमाले महासचिव माधवकुमार नेपालले पार्टी निर्वाचनमा अपेक्षित परिणाम नआएपछि नैतिक जिम्मेवारी स्वीकार गर्दै पदबाट राजीनामा दिएका थिए। तर यसो भन्दै गर्दा कम्युनिस्ट आन्दोलन आज जुन विचलित र विभाजित अवस्थामा पुगेको छ, त्यसमा माधव नेपाल स्वयंको राजनीतिक भूमिकाको पनि उल्लेखनीय जिम्मेवारी रहेको छ भन्ने यथार्थलाई पनि बेवास्ता गर्न सकिँदैन।

त्यो चाहे पार्टीभित्र लामो समयसम्म गुट–उपगुटको राजनीतिलाई संस्थागत बनाउने प्रवृत्ति होस् वा पछि शक्तिशाली कम्युनिस्ट एकतालाई विघटनतर्फ धकेल्ने राजनीतिक निर्णयहरू, यी घटनाहरूले आन्दोलनलाई कमजोर बनाएको तथ्य इतिहासबाट लुकाउन सकिँदैन। तर ती सबैका बाबजुद पनि, पार्टी कमजोर बनेको बेला उनले देखाएको नैतिक जिम्मेवारी स्वीकार गर्ने निर्णय राजनीतिक संस्कार र उत्तरदायित्वको एउटा महत्वपूर्ण उदाहरण थियो। त्यस घटनाले नेतृत्व केवल पद, शक्ति र प्रभावको प्रश्न मात्र होइनन्न नेतृत्व भनेको परिणामप्रति जवाफदेही हुने साहस पनि हो भन्ने देखायो।

नेकपा एमालेको पछिल्लो महाधिवेशनको सन्दर्भमा पनि यस्तै बहस उठेको थियो। धेरै राजनीतिक विश्लेषकहरू र पार्टीभित्रका केही आवाजहरूले यदि केपी शर्मा ओलीले स्वेच्छाले नेतृत्व हस्तान्तरण गर्दै नयाँ पुस्तालाई अवसर दिएका भए, त्यो एमालेका लागि ऐतिहासिक मोड बन्न सक्थ्यो भन्ने तर्क गरेका थिए। त्यस्तो कदमले पार्टीभित्र पुस्तान्तरणको सन्देश दिन सक्थ्यो, सङ्गठनमा नयाँ ऊर्जा ल्याउन सक्थ्यो र जनतामा सकारात्मक सन्देश पुग्न सक्थ्यो। तर त्यो सम्भावना व्यवहारमा परिणत हुन सकेन।

एमालेको पछिल्लो अवनतिलाई केवल नेतृत्व बहसमा सीमित गरेर हेर्नु पनि पर्याप्त हुँदैन। यसको पछाडि बहुआयामिक कारणहरू पनि जिम्मेवार देखिन्छन्। एकातिर बारम्बार भएका पार्टी विभाजनहरूले संगठनात्मक एकता कमजोर बनायो, अर्कोतिर लामो समयदेखि कायम रहेको संगठनात्मक जटिलता र आन्तरिक लोकतन्त्रको सीमित अभ्यासले नयाँ ऊर्जा प्रवेश गर्न कठिन बनायो। त्यसमाथि विभिन्न समयमा उठेका भ्रष्टाचारका आरोप, सत्ता सञ्चालनसँग जोडिएका विवादहरू र जनअपेक्षाअनुसार परिणाम दिन नसकेको आरोपले जनविश्वासमा असर पारेको देखिन्छ।

यसैबीच देशको राजनीतिक परिदृश्यमा नयाँ दल र वैकल्पिक शक्तिहरूको उदय भयो, जसले विशेषगरी परिवर्तन खोजिरहेको युवा पुस्ताको समर्थन आकर्षित गर्न सफल भए। परिणामस्वरूप, परम्परागत शक्तिको रूपमा स्थापित एमालेले आफ्नो ऐतिहासिक आधार कायम राख्दै नयाँ सामाजिक–राजनीतिक वास्तविकतासँग समायोजन गर्नुपर्ने चुनौती स्पष्ट रूपमा सामना गर्नुपरेको देखिन्छ।

अब आजको राजनीतिक वातावरणमा जनताको अपेक्षा निकै परिवर्तन भएको छ। युवा पुस्ताले पारदर्शिता, परिणाममुखी नेतृत्व र आधुनिक राजनीतिक सोच खोजिरहेको छ। सूचना प्रविधिको विकाससँगै नागरिकहरू राजनीतिक रूपमा बढी सचेत भएका छन्। यही कारणले नयाँ राजनीतिक शक्तिहरू उदाइरहेका छन् र पुराना दलहरूले आफ्नो कार्यशैली पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ।

आज एमालेसमेत एउटा महत्वपूर्ण मोडमा उभिएको छ। एकातिर यसको गौरवपूर्ण इतिहास छ, अर्कोतिर भविष्यप्रतिको चुनौती पनि छ। यदि पार्टीले अहिलेको अवस्थालाई गम्भीर रूपमा लिएर संगठनात्मक सुधार, वैचारिक पुनर्संरचना, युवा नेतृत्वलाई अवसर र जनताको वास्तविक मुद्दामा केन्द्रित राजनीति गर्ने साहस देखायो भने पुनरुत्थान सम्भव छ। कम्युनिस्ट आन्दोलनको इतिहासले बारम्बार आत्मसमीक्षा र सुधार नै यसको वास्तविक शक्ति हो भनेर देखाएको छ।

राजनीतिक आन्दोलनहरू कुनै एक व्यक्तिमा सीमित हुँदैनन्।

**–बाँकी तीन पेजमा**

# मधेशका मुख्यमन्त्री यादवका १०० दिन पूरा : ५१ उपलब्धि सार्वजनिक

आफ्नो सरकारको १०० दिन पूरा भएको अवसरमा मुख्यमन्त्री यादवले यस अवधिका उपलब्धि सार्वजनिक गरेका छन्।

जनकपुरधाम, ३ चैत्र। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले मंगलबार १०० दिन पूरा गरेको छ। यादवले मंसिर २१ गते मुख्यमन्त्रीको जिम्मेवारी सम्हालेका थिए। आफ्नो सरकारको १०० दिन पूरा भएको अवसरमा मुख्यमन्त्री यादवले यस अवधिका उपलब्धि सार्वजनिक गरेका छन्। मंगलबार पत्रकार सम्मेलन आयोजना गरेर यादवले १०० दिनका उपलब्धि सार्वजनिक गरेका हुन्।

मुख्यमन्त्री यादवले सुरुआती दिनमा मन्त्रीहरूको पूर्ण चयन नभएको, निर्वाचन आचारसंहिता लागु भएको र संघीय सरकार गठन प्रक्रिया जारी रहेकाले काम गर्न चुनौतीपूर्ण रहेको बताए। यद्यपि, ती चुनौतीबिच सरकारले विभिन्न क्षेत्रमा ५१ वटा सुधारका उपलब्धिमूलक काम अघि बढाएको उनले दाबी गरे। स्वास्थ्यतर्फ जनकपुर प्रादेशिक अस्पतालमा बिरामीको चाप व्यवस्थापन गर्न घरबाटै टिकट काट्ने व्यवस्था लागु गरिएको, बैंकिङ सेवामार्फत शुल्क भुक्तानी सहज बनाइएको र ल्याब रिपोर्ट अनलाइन उपलब्ध गराउने व्यवस्था सुरु गरिएको दाबी गरे।

शिक्षा क्षेत्रमा 'प्रत्येक निर्वाचन क्षेत्र एक नमुना विद्यालय' कार्यक्रम अन्तर्गत पहिलो चरणमा १५ वटा सामुदायिक विद्यालयमा काम सुरु भइसकेको र प्रत्येक विद्यालयमा न्यूनतम ५० लाख रुपैयाँ लगानी भइरहेको बताए। कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै आगामी असारको रोपाइँअघि नै मल तथा आवश्यक सामग्रीको आपूर्ति सुनिश्चित गर्ने र मलमा घटाइएको अनुदान पुनर्स्थापना गर्न संघीय सरकारसमक्ष प्रस्ताव पठाइएको जानकारी दिए। सिँचाइ व्यवस्थापनका लागि भूगर्भीय अध्ययन गरी भूमिगत सिँचाइ जोन पहिचान गर्न विशेषज्ञ टोली गठन गरिएको, भूमिगत पानीको सतह घट्दै गएको समस्याको समाधानका लागि नीति बनाएर काम सुरु गरिएको उनको उपलब्धि पत्रमा उल्लेख छ।

पर्यटन प्रवर्द्धनतर्फ लामो समयदेखि अलपत्र रहेको जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया अगाडि बढाइएको, पूर्वाधार विकासअन्तर्गत 'एक निर्वाचन क्षेत्र पाँच किलोमिटर सडक' योजनाअन्तर्गत पहिलो चरणका काम सम्पन्न भइसकेको र दोस्रो चरण सुरु गर्ने तयारी गरिएको मुख्यमन्त्री यादवको दाबी छ। उपलब्धि पत्रमा राम–जानकी रंगशाला निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन प्रक्रिया अघि बढाइएको र भारत सरकारले १६० करोड रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएको र बाँकी रकमका लागि संघीय सरकारसँग पहल भइरहेको उल्लेख छ।

वन व्यवस्थापनतर्फ प्रदेशमा सीमित वन क्षेत्र भए पनि ढला–पडा काठ खेर गइरहेको अवस्थालाई अन्त्य गर्दै ती काठ जनतामा वितरण गर्ने तयारी गरिएको मुख्यमन्त्री यादवले बताए। मुख्यमन्त्री यादवले चुनौतीपूर्ण अवस्थाबिच हासिल गरिएका यी उपलब्धिहरू आगामी दिनमा अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जनतामा प्रतिफल दिने विश्वास व्यक्त गरेका छन्।

जेनजीको आन्दोलनमा मुख्यमन्त्री कार्यालय समेत जलाउँदा जिम्मेवारी सम्हाल्दा कार्यालयसमेत नभएको अवस्थामा गृह मन्त्रालयको एउटा कोठाबाट काम सुरु गर्नुपरेको बताए। तर मुख्यमन्त्री यादवले गनाएका ५१ उपलब्धि अधिकांश अपुरा छन्।

# प्रतिनिधिसभामा मधेशी दलितको प्रतिनिधित्व शून्य भएको भन्दै सर्वोच्चमा रिट




काठमाडौं, ३ चैत्र। प्रतिनिधिसभामा मधेशी दलितको प्रतिनिधित्व शून्य रहेको भन्दै सर्वोच्च अदालतमा रिट दायर भएको छ। घनश्याम रजकले समानुपातिकतर्फको निर्वाचनमा पहाडी मूल र मधेशी मूलका दलितलाई समानुपातिक रुपमा सिट नछुट्याएको दाबी गर्दै रिट दायर गरेका हुन्। जसउपर यही सोमबार न्यायाधीश डा. नहकुल सुवेदीको एकल इजलासमा सुनुवाइ पनि भएको थियो।

निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठ र अधिवक्ताहरू देवशरण यादव, कविता दुगाना र उमेश रुपाखेतीले बहस गरेका थिए। बहसपछि अदालतले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न निर्वाचन आयोग सहितका विपक्षीलाई भनेको छ। संविधानको धारा ४० मा दलितको हकसम्बन्धी व्यवस्था छ। जहाँ राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने भनिएको छ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने संवैधानिक प्रतिबद्धता छ।

धारा ४० को उपधारा ७ मा भनिएको छ, 'दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ।' यो व्यवस्थाको सही कार्यान्वयन नभएको दाबी गर्दै सर्वोच्च अदालतमा मुद्दा परेको हो। २१ फागुनमा सम्पन्न निर्वाचनबाट २७५ जना प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन्। १६५ जना प्रत्यक्ष निर्वाचित भएका हुन् भने ११० जना समानुपातिक तर्फबाट निर्वाचित भएका हुन्।

प्रत्यक्षतर्फ एक जनाले मात्रै चुनाव जिते। निर्वाचन आयोगको तथ्यांकअनुसार प्रत्यक्षतर्फ २४३ जना दलित समुदायबाट उम्मेदवार थिए। जसमा पुरुष दलित उम्मेदवार २१६ र महिला दलित उम्मेदवार २७ जना थिए। बाँके-३ मा खगेन्द्र सुनारले मात्रै चुनाव जिते। समानुपातिक तर्फबाट थप १६ जना सांसद दलित समुदायबाट आएका छन्। रास्वपाबाट ५७ जना सांसद चुनिए। त्यसमा ८ जना दलित समुदायबाट परे। नेपाली कांग्रेसबाट २० जना समानुपातिक सांसद चुनिए। त्यसमा ३ जना दलित समुदायबाट छन्।

नेकपा एमालेबाट १६ र नेपाली कम्युनिस्ट पार्टीबाट ९ जना समानुपातिक सांसद चुनिँदा दुवैले २/२ जना दलित समुदायबाट प्रतिनिधित्व गराए। श्रम संस्कृति पार्टीबाट ४ जना समानुपातिक सांसद भए। त्यसमा एक जना दलित समुदायबाट रहेका छन्। लेखक तथा अधिकारकर्मी प्रदिप परियार पनि यसपटक प्रतिनिधिसभामा मधेशी दलितको प्रतिनिधित्व नरहेको बताउँछन्।

'निर्वाचनबाट प्रतिनिधिसभामा १७ जना दलित समुदायका व्यक्ति आउनुभएको छ। तर, मधेशी दलितको प्रतिनिधित्व शून्य छ,' अधिकारकर्मी परियारले भने, 'यहाँनेर इन्टेन्सन जस्तो देखिन्छ। किनभने दलित महिला ल्याउँदा वा दलित पुरुष ल्याउँदा मधेशी दलित समुदायबाट पनि ल्याउन सकिन्थ्यो, त्यो भएन।'

# सप्तरीमा एक महिनामा ११ जनाको मृत्यु




**सुधा देव**

सप्तरी, ३ चैत्र। सप्तरीमा एक महिनाभित्रै ११ जनाको ज्यान गएको तथ्याङ्क सार्वजनिक भएको छ।फागुन महिनामा मात्र विभिन्न घटनामा ११ जनाको ज्यान गएको छ भने ५३ जना घाइते हुनुभएको छ। जिल्ला प्रहरी कार्यालयले पत्रकार सम्मेलनको आयोजना गरि फागुन महिनाको प्रगति विवरण सार्वजनिक गर्ने क्रममा उक्त कुरा जानकारी गराएको हो। फागुनमा जिल्लामा भएको दुर्घटनामा चार जनाको मृत्यु भएको छ।कुल १७ वटा दुर्घटना हुँदा चार जनाको मृत्यु र २१ जना घाइते भएका छन्।

यो अवधीमा २० वटा सबारीसाधन दुर्घटनामा परेको छ। अधिकांश मानिसमा ट्राफिक लेन अनुशासनको कमी, अधिकांश सवारी साधनहरू निर्धारित गतिभन्दा ओभर स्पीडमा कुदाउनु र पूर्व पश्चिम राजमार्ग विस्तारका क्रममा रहेकाले दुर्घटना भएको प्रहरीको विश्लेषण रहेको छ। एक महिनाको अवधीमा ट्राफिक नियम उल्लंघन गर्ने २७० सवारीलाई कारवाही गर्दा दुई लाख ५६ हजार जरिवाना संकलन भएको सप्तरी प्रहरीका प्रमुख एसपी गौतम केसीले जानकारी जानकारी दिनुभएको छ ।

एक महिनामा करेन्ट लागेर एक जनाको, पानीमा डुबेर तीन जनाको र अन्य घट्नामा तीन जनाको मृत्यु भएको प्रहरी प्रमुख केसीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "करेन्ट लागेर चार जना, जनावरको आक्रमणबाट दुई जना र अन्य घट्नामा २६ जना घाइते हुनुभएको छ। एक महिनाको अवधीमा जिल्लामा सात जनाले आत्महत्या गरेका छन्।विष खाएर दुई पुरुषले तथा झुन्डिएर एक पुरुष र चार जना महिलाले आत्महत्या गरेको तथ्याङ्क रहेको छ।"

# हावाहुरीले सर्लाहीमा ठुलो क्षति, किसानको मकै र गहुँ बाली नष्ट

सर्लाही, ३ चैत्र। सर्लाहीमा सोमबार साँझ आएको शक्तिशाली हावाहुरीका कारण विभिन्न स्थानमा किसानले लगाएको मकै र गहुँ बालीमा ठुलो क्षति पुगेको छ। अचानक आएको हावाहुरीले खेतमा तयार हुँदै गरेको बाली ढालेर नोक्सानी पुर्‍याएको हो। चन्द्रनगर क्षेत्रका किसान राम ध्यान ठाकुरको करिब दुई कट्ठा जमिनमा लगाएको मकै बाली पूर्ण रूपमा नष्ट भएको छ। हावाहुरीका कारण मकैका बोट सबै ढलेर उत्पादन हुने आशा समाप्त भएको किसान ठाकुरले बताए।

यसैगरी अर्का किसान रामपुकार महतोले करिब सात कट्ठा जमिनमा लगाएको मकै बालीमध्ये अधिकांश नष्ट भएको जानकारी दिए। 'हावाहुरीले मकै ढालिदियो, अब उत्पादन निकै कम हुने देखिन्छ,' उनले दुखेसो पोखे। हावाहुरीका कारण चन्द्रनगर मात्रै नभई ईश्वरपुर, ब्रह्मपुरीलगायत सर्लाहीका विभिन्न स्थानका किसानको सयौं बिगाहका मकै तथा गहुँ बालीमा पनि क्षति पुगेको स्थानीयले बताएका छन्।

खेतमा राम्रोसँग बढ्दै गरेको बाली अचानक आएको हावाहुरीले ढालेपछि किसान चिन्तित बनेका छन्। हावाहुरीबाट किसानको लाखौं रुपैयाँ बराबरको क्षति भएको बताइएको छ। स्थानीय किसानहरूले सम्बन्धित निकायसँग क्षतिको मूल्याङ्कन गरी राहत तथा सहयोगको माग गरेका छन्।

### चन्देश्वर मण्डलः...

परिचालन र पार्टीको प्रभाव विस्तारमा उनले सक्रिय भूमिका खेलेका थिए। नेतृत्व क्षमताको मूल्यांकन गर्दै २०८० सालमा उनलाई नेकपा एमाले मधेश प्रदेश अध्यक्षको जिम्मेवारी दिइएको थियो। शैक्षिक रूपमा पनि मण्डल योग्य व्यक्तित्व मानिन्छन्। उनले २०३६ सालमा भारतको दरभंगास्थित कुमर सिंह महाविद्यालयबाट एसएलसी उत्तीर्ण गरेका थिए। त्यसपछि विज्ञान विषयमा बीएससी ( बायोलोजी) अध्ययन पूरा गरेका छन्।

फागुन २१ गते सम्पन्न निर्वाचनपछि चन्देश्वर मण्डल नेकपा एमालेको तर्फबाट मधेशी क्लस्टरबाट समानुपातिक प्रणालीमार्फत संघीय सांसदमा निर्वाचित भएका छन्। लामो राजनीतिक अनुभव, सामाजिक सेवा र संगठनात्मक योगदानका कारण उनी अहिले राष्ट्रिय राजनीतिमा सक्रिय भूमिका निभाउने नेताको रूपमा हेरिएका छन्। गाउँको शिक्षकबाट सुरु भएको चन्देश्वर मण्डलको यात्रा स्थानीय नेतृत्व हुँदै प्रदेश अध्यक्ष र अहिले संघीय सांसदसम्म पुगेको छ।

# एउटै टोलमा आधा दर्जन सामुदायिक भवन, सबै अलपत्र

**शारदा पोखरेल**

बारा, ३ चैत्र। मधेस प्रदेश सरकारको लगानीमा जीतपुर सिमरा उपमहानगरपालिका-५ बकुलियामा निर्माण गरिएका आधा दर्जन सामुदायिक भवनहरू अलपत्र परेका छन्। प्रदेश सरकारको २५ देखि ५० लाख रुपैयाँ लगानीमा निर्माण गरिएका दलित तथा जनजाति भवन, धर्मशाला, विवाहमण्डप र क्लब घरहरू बजेट अभावका कारण अलपत्र परेका हुन्। आर्थिक वर्ष २०७५/०७६ देखि निर्माण सुरु गरिएका ती भवनमध्ये केहीको जग मात्र उठेको छ भने केहीको छत ढलान मात्र गरिएको छ। निर्माण सम्पन्न भएका भवनहरूमा समेत शौचालय र खानेपानीको सुविधा छैन।

स्थानीयको आवश्यकताको अध्ययनबिनै प्रदेश सरकारले एउटै टोलमा निर्माण गरिएका ती भवनहरू प्रयोगमा आउन सकेका छैनन्। जीतपुर सिमरा वडा नम्बर ५ का स्थानीयवासी प्रमोद चौधरीले प्रदेश सरकारले चार-पाँचवटा सामुदायिक भवन बनाउनुको सट्टा एउटै राम्रो भवन निर्माण गर्नु उपयुक्त हुने बताएका छन्। 'चार-पाँचवटा सामुदायिक भवन सुरु गरेर सबै अलपत्र छाड्नुभन्दा एउटै राम्रो भवन निर्माण गरेको भए सदुपयोग पनि हुन्थ्यो,' चौधरीले भने, 'आवश्यकता नभएको ठाउँमा प्रदेश सरकारले त्यसै भवन बनाइदिएको छ, कति लाखमा बनेको छ हामीलाई थाहा पनि छैन।'

करिब एक दशकअघि निर्माण सुरु भएर अलपत्र छाडिएका भवनका बाँकी काम छिट्टै पूरा गर्न स्थानीयले माग गरेका छन्। 'अर्को वर्ष बजेट आउँछ अनि पूरा हुन्छ भन्छन्। एउटै शीर्षकमा सधैँ बजेट आउँछ ?' चौधरीले प्रश्न गर्दै भने, 'चार-पाँचवटा बनाएर आधा छाड्नुभन्दा एउटै राम्रो बनाउनुपर्थ्यो।' प्रदेश सरकारले तत्कालीन नेकपा एमालेका प्रदेशसभा सदस्य सुन्दर विक र सीता गुरुङमार्फत ती सामुदायिक भवन निर्माण गरेको हो। आर्थिक वर्षको अन्त्यमा बजेट सक्ने उद्देश्यले मात्रै निर्माण सुरु गरिएका र अधुरै छाडिएका भवनहरू अब कसरी सम्पन्न गर्ने भन्ने अन्योल बढेको छ।

अर्का स्थानीय नरेश रामले प्रदेश सरकारले ग्रामीण भेगमा लगानी गर्दा स्थानीयको आवश्यकतालाई प्राथमिकता दिनुपर्ने बताएका छन्। 'यो भवन बनाएर हामीलाई केही फाइदा छैन। गाउँमा धेरै गरिबका बालबालिका आर्थिक अभावका कारण विद्यालय गइरहेका छैनन्, उनीहरूलाई पढाउन सके राम्रो हुन्थ्यो,' नरेश रामले भने, 'प्रदेश, स्थानीय र केन्द्र सरकार सबै मिलेर गाउँमा शिक्षा, स्वास्थ्यमा लगानी गर्नुपर्छ।' जीतपुर सिमरा वडा नम्बर ५ मा २ हजार ५६८ मतदाता छन्। सो वडामा १ हजार १५० घरधुरी छन्। जसमध्ये २५० बढी दलित घर छन्। गाउँमा विपन्नको संख्या पनि ठुलो छ।

यस गाउँमा खानेपानीको अभाव छ भने दलित र विपन्नहरू स्वास्थ्य र शिक्षाबाट वञ्चित छन्। स्थानीय नरेश रामले समयमै उपचार नपाएर गाउँमा धेरैको अकालमै ज्यान गएकाले प्रदेश सरकारले निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा लगानी गर्नुपर्ने बताएका छन्। दलित उपभोक्ता भवन निर्माण समितिका अध्यक्ष इन्दल हजराले प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ को अन्तिम समयमा बजेट पठाउँदा काम गर्न नसकिएको बताए। 'अलपत्र भवन बनाउन नगर प्रमुखलाई कुरा गर्दा बजेट व्यवस्था गर्छु भन्नुभएको थियो तर व्यवस्था गर्नुभएन,' समितिका अध्यक्ष हजराले भने, 'समयमै काम सकिन्थ्यो तर तत्कालीन वडाध्यक्ष मोहित चौधरीले सिफारिस नदिएर हामीलाई धेरै समस्या पारे।'

प्रदेश सरकारले अलपत्र छाडेका संरचनाहरूको निर्माण सम्पन्न गर्न पालिकामा बजेट नभएको वडाध्यक्ष दीपेन्द्र चौधरीको भनाइ छ। 'एक करोड रुपैयाँभन्दा धेरै लगानी भइसकेको छ तर सदुपयोग हुन सकेको छैन। पालिकाबाट यो आर्थिक वर्षमा सम्भव छैन,' वडाध्यक्ष चौधरीले भने, 'अर्को वर्ष व्यवस्थापन गर्नतर्फ लाग्नेछौं।' चौधरीले प्रदेश सरकारले बजेट विनियोजन गर्दा अनुमानित लागत अध्ययन गरेर समयमै काम सुरु गर्नुपर्ने सुझाव दिएका छन्। 'आर्थिक वर्षको अन्त्यमा बजेट पठाउँदा हतार-हतारमा काम गर्नुपर्ने र रकम बराबरको काम गर्न नसक्दा सबै भवन अधुरा हुनुको कारण त्यही हो,' उनले भने।

यता, निवर्तमान प्रदेशसभा सदस्य सुन्दर विकले कार्यकर्ताहरूलाई खुसी पार्न सानातिना योजनामा बजेट राख्नुपर्ने बाध्यता भएको बताए। उनले नयाँ आर्थिक वर्ष वैशाखलाई मानेर काम सुरु भएमा मात्रै समयमै काम सम्पन्न हुने र बजेटको सदुपयोग हुने टिप्पणी गरेका छन्।

### नेपालतर्फ तस्करी...

नेपालतर्फ आउँदै गरेको देखिएको थियो। नाका टोलीले उनीहरूलाई रोक्न संकेत गर्दा ती व्यक्तिहरूले बोकेका कार्टुनहरू बाटोमै फालेर फरार भएका थिए।

त्यसपछि गरिएको खोजतलासका क्रममा भारतबाट नेपालतर्फ जाने बाटोका विभिन्न स्थानमा काँचो केराले भरिएका कार्टुनहरू फेला परेका थिए। प्रारम्भिक रूपमा ४३ वटा कार्टुन बरामद भएको थियो। थप खोजी गर्ने क्रममा पिथवा गाउँको एउटा आँपको बगैंचामा ठुलो संख्यामा कार्टुनहरू फेला परेका थिए। त्यसैगरी पिठवा गाउँकै बन्सवाडी क्षेत्रमा त्रिपालले ढाकेर लुकाइराखिएको अवस्थामा पनि धेरै कार्टुनहरू भेटिएको सुरक्षा स्रोतले जनाएको छ।

# जिल्ला अस्पतालको सेवा सुधारको माग

सुनसरी, ३ फागुनः जिल्ला सदरमुकाम इनरुवास्थित जिल्ला अस्पताल सुधारको माग गर्दै सोमबार ध्यानाकर्षणपत्र बुझाइएको छ। जिल्ला अस्पताल इनरुवा सुधार सङ्घर्ष समितिले ३४ बुँदे मागसहित अस्पताल प्रशासनलाई ध्यानाकर्षण पत्र बुझाएको समितिका संयोजक दिलीपचन साहुले जानकारी दिनुभयो। मेसु, प्रशासन र अस्पताल विकास समितिका अध्यक्ष राजन मेहतासँग छलफल र अन्तरक्रिया गर्दै ध्यानाकर्षण पत्र बुझाइएको उहाँले बताउनुभयो। एन्टिरेबिज भ्याक्सिन (एआरभी)को अभावमा बिरामी विराटनगर वा अन्य निजी क्लिनिकमा जानुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने, बिरामी, कुरुवा र नागरिक समाजमैत्री सेवा हुनुपर्ने, ल्याब नियमित सञ्चालन, ब्लड बैंक, सघन उपचार कक्ष ( आइसियू), भेन्टिलेटर र सिटीस्क्यान सेवा सञ्चालन गर्नुपर्नेलगायत ३४ बुँदे मागसहित ध्यानाकर्षण पत्र बुझाइएको सङ्घर्ष समितिका संयोजक साहुले जानकारी दिनुभयो।

निरन्तर पाँच वर्षदेखि अस्पातल सेवा सुधारको आवाज उठाइरहेको समितिले जिल्ला अस्पतालको सेवा सुधारदेखि भौतिक पूर्वाधारको व्यवस्था र बिरामीलाई बस्ने ठाउँदेखि ल्याबसम्मको सुधारको माग गर्दै ध्यानाकर्षण पत्र बुझाएको समितिका प्रतिनिधि पशुपति दाहालले बताउनुभयो। केही समययता अस्पतालका सेवा सुविधाका विषयमा अस्पतालमा आउने नागरिकको गुनासो बढेकाले ती समस्या समाधानका माग राखेर मेडिकल सुपरिडेन्ट अमरेन्द्र कुशवाहालाई ध्यानाकर्षण पत्र बुझाइएको समितिले जनाएको छ।

अस्तालमा अल्ट्रासाउण्ड ( युएसजी) सेवा बिहान ८:०० बजेदेखि साँझ ५:०० बजेसम्मका लागि सञ्चालनको व्यवस्था मिलाउनुपर्ने, अस्पताल फार्मेसीमा बिमाबापत प्राप्त गर्ने औषधि पर्याप्त मात्रामा राख्नुपर्ने, छाडा कुकुरको बिगबिगी देखिएकाले त्यसको व्यवस्थापन गर्नुपर्ने, समान तहको कर्मचारीलाई समान तलबको व्यवस्था गर्नुपर्नेलगायत माग राखिएको समितिका संयोजक साहुले बताउनुभयो।

त्यसैगरी विशेषज्ञ चिकित्सकको व्यवस्था गर्नुपर्ने, आवास, भत्ताको व्यवस्था र समयमा तलब दिनुपर्ने, सुरक्षाको प्रत्याभूति दिनुपर्ने, आकस्मिक कक्षमा २४सैं घण्टा चिकित्सक बस्नुपर्ने, हाडजोर्नीका बिरामीलाई चाहिने स्टिल, धागो तथा अन्य सामग्री बिरामीले खरिद गर्नुपर्ने ठाउँमा चिकित्सकले फार्मेसी सिफासिर गर्न नहुने, अस्पतालको सामाजिक लेखापरीक्षण गर्नुपर्ने, आकस्मिक ल्याब सञ्चालन गर्नुपर्ने, आँखा विभागमा औषधि र चस्मा बिरामीलाई उपलब्ध गराउनुपर्नेलगायत माग राखिएका छन् ।

समितिले मागअनुसार सल्लाह र सुझाव १५ दिनभित्र पूरा गर्न आग्रह गरेको छ। माग पूरा नभए वा अन्यथा भए अस्पताल प्रशासनविरुद्ध सङ्घर्षका कार्यक्रम गर्न बाध्य हुने साहुले बताउनुभयो। अस्पताल विकास समितिका अध्यक्ष राजन मेहताले जायजमाग सात दिनभित्र सम्बोधन गर्ने जनाउँदै सेवा सुधार गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। जनताको स्वास्थ्य सेवाप्रति आफू गम्भीर रहेकाले तत्काल गर्नसक्ने सुधार आजैदेखि हुने, केही समय लाग्नेको हकमा अल्पकालीन र दीर्घकालीन समाधान गर्नेगरी माग सम्बोधन गर्ने उहाँले जानकारी दिनुभो ।

# मधेसका मुख्यमन्त्रीको एक सय दिन : युवा पलायनप्रति चिन्ता गरे, स्वदेशमै रोक्ने योजना छैन



जनकपुरधाम, ३ चैत्र। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले युवा पलायनप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन्। मधेस प्रदेश सरकारको नेतृत्व सम्हालेको एक सय दिन पूरा भएको अवसरमा मंगलबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री यादवले युवाहरू विदेश पलायनप्रति चिन्ता व्यक्त गरेका हुन्। उनले युवाहरूलाई स्वदेशमै रोक्ने ठोस उपायबारे भने केही स्पष्ट योजना सार्वजनिक गरेनन्। तर, यस विषयप्रति आफू चिन्तित रहेको बताए ।

उनले एक सय दिनमध्ये करिब ५० दिन आचारसंहितामै बितेको उल्लेख गर्दै बाँकी अवधिमा प्रदेश सरकारको उपस्थितिको अनुभूति गराउने प्रयास गरिएको बताए। साथै, जेनजी आन्दोलनका क्रममा जलेका भवनका कारण प्रदेशको गृह मन्त्रालयमै आफ्नो कार्यालय सञ्चालन गरी कामकाज अघि बढाइएको जानकारी दिए। स्वास्थ्य क्षेत्रतर्फ प्रगति उल्लेख गर्दै उनले जनकपुरधाम प्रादेशिक अस्पताल मा सुधार गरिएको दाबी गरे। बिरामीको चाप बढ्दा टिकट (पूर्जा) काट्न समस्या भइरहेको अवस्थालाई सहज बनाउन घरबाटै अनलाइन माध्यमबाट पूर्जा काट्ने व्यवस्था लागू गरिएको उनले बताए। साथै, परीक्षण शुल्क भुक्तानी र रिपोर्टसमेत अनलाइन उपलब्ध गराइएको जानकारी दिए।

शिक्षा क्षेत्रमा प्रत्येक निर्वाचन क्षेत्रमा एक नमुना विद्यालय विकास गर्ने योजना सुरु गरिएको उनले बताए। पहिलो चरणमा १५ वटा सामुदायिक विद्यालयमा काम अघि बढिसकेको छ भने प्रत्येक विद्यालयका लागि कम्तीमा ५० लाख रुपैयाँ लगानी भइरहेको जानकारी दिए। “१०० दिन, ५१ काम” भन्ने नारासहित आयोजित उक्त कार्यक्रममा उनले जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन पहल थालिएको पनि बताए।

## मधेशको चाहनाः...

सातै प्रदेशका सरकारले सरकार सञ्चालनको औचित्य बोध गर्न नसकेको बाध्यता पनि उनले सुनाए। ‘संविधानमा उल्लिखित प्रदेशको एकल अधिकारको सूचीको पहिलो बुँदामै रहेको प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन,’ उनले भने, ‘प्रदेशसँग आफ्नै प्रहरी नभएकै कारण उसको अधिकार सूचीमा रहेको उक्त विषयमा प्रदेश सरकारले जिम्मेवारी लिन सक्ने अवस्था बनेको छैन ।’

यस्तो परिस्थिति निम्तिनुको कारण हो, संघीय सरकारले संघीय प्रहरी ऐन नबनाउनु । ‘अबको सरकारले प्रदेशको निरीहता दूर गरेर मजबुती प्रदान गर्छ भने आशा छ,’ उनले भने। संविधानको धारा २६८ (२) मा भनिएको छ, ‘प्रत्येक प्रदेशमा प्रदेश प्रहरी संगठन रहनेछ।’ त्यसैले प्रदेशको आफ्नै प्रहरी हुनु संवैधानिक अधिकार हो। यो संघीयताको मूल कडी पनि हो तर संघीय सरकारले प्रदेश सरकारको यो अधिकार र संघीयताको कडीलाई सार्थक तुल्याउन सहयोगी भूमिका निर्वाह गर्नुपर्नेमा आनाकानी गर्दै आएको छ। यसमा विगतका सबैजसो सरकारको उस्तै मनशाय देखिएको थियो। संघीय अभ्यास सुरु भएको आठ वर्षको अवधिमा प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रले संघीय सरकारको नेतृत्व गरिसकेका छन्। ती पार्टीका साथै अहिले झन्डै दुई तिहाइनजिक मत पाएर सबैभन्दा ठुलो दल बनेको रास्वपाले समेत गृह मन्त्रालयको नेतृत्व गरिसकेको छ तर संघीय प्रणालीको अभ्यासपछि प्रतिनिधिसभाले लामो यात्रा गरिसक्दा पनि संघीय प्रहरी ऐनलाई प्राथमिकतामा नराखिनुले प्रमुख दलहरूको उदासीनता प्रस्ट हुन्छ। यस्तो प्रवृत्तिबाट उनीहरूले संविधानको भावनाको सम्मान गर्न नसकेको र प्रदेश संरचनाप्रति नै अनिच्छा राखेको सन्देश गएको छ। यसले प्रदेशहरू स्वयंले तयार पारिसकेको प्रहरी ऐनको पनि कार्यान्वयन हुन सकेको छैन। प्रदेशका तर्फबाट संघीय प्रहरी ऐन ल्याउन संघीय सरकारलाई दिएको दबाब पनि बेवास्तामा पर्दै आएको छ।

तत्कालीन संसद्ले २०७६ फागुनमा ‘प्रहरी कर्मचारी समायोजन ऐन २०७६’ र ‘नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन २०७६’ पारित गरेर राष्ट्रपतिबाट प्रमाणीकरण पनि भइसकेको छ तर त्यसअनुसारका नियमावली, निर्देशिका र कार्यविधि सरकारले बनाएको छैन। केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले २०७७ कात्तिक २७ मा प्रहरी समायोजनसम्बन्धी संगठन तथा व्यवस्थापन (ओएन्डएम) सर्वेक्षण गरी संघ र प्रदेशमा रहने प्रहरी जनशक्तिको कुल संख्या ७९ हजार ५३२ हुने, जसअन्तर्गत नेपाल (संघीय) प्रहरीमा २४ हजार ८१२ र सात प्रदेशमा ५४ हजार ७२० जनशक्ति कायम रहने व्यवस्था गरेको छ। प्रदेश सरकारमा अहिले संघीय संरचनामा रहेका नेपाल प्रहरीकै जनशक्ति लगिने भएकाले यही प्रहरीसँग सम्बन्धित ऐन (संघीय प्रहरी ऐन) नआउँदासम्म बाँकी काम रोकिन पुगेको थियो।

यो ऐन कुनै सरकारको प्राथमिकतामा परेन। यस्तै प्रवृत्तिले अहिलेसम्म प्रदेश सरकार स्वयंले आफ्नो सुरक्षाका लागि संघीय प्रहरीको भर पर्नुपरेको छ। नेपालको संविधानले संघ, प्रदेश वा स्थानीय सरकारहरू एकअर्काका मातहत होइनन् तर संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई आफूमातहत वा आफ्नो एकाइका रूपमा व्यवहार गर्न खोजेका कैयौं सन्दर्भमध्ये प्रहरी समायोजन पनि एउटा हो। प्रहरीसँगै प्रदेशमा अधिकार पनि जाने भएकाले केन्द्रीकृत मानसिकताका दल तथा नेताले समायोजनमा ढिलाइ गरिरहेको प्रस्ट छ।

प्रदेशहरूलाई संविधानले दिएको सम्पूर्ण अधिकार र जिम्मेवारी सम्हाल्न सक्ने गरी सहजीकरण गर्नु संघीय सरकारको कर्तव्य हो। त्यसमा पनि प्रहरीको समायोजन सबैभन्दा पहिलो प्राथमिकताको कर्तव्य हो। त्यसो हुन सक्यो भने मात्रै प्रदेश स्वयंले आफ्नो प्रभावकारिता पुष्टि गर्न सक्छ। संविधानअनुसार प्रदेशको अधिकार क्षेत्रको विषयमा जिम्मेवार बनाउन सकिन्छ। प्रदेश सरकारको कार्यशैलीलाई पनि यथार्थको जगमा टेकेर मूल्यांकन गर्न सकिन्छ। नत्र प्रदेश सरकारले ‘आफ्नै प्रहरी नभएकाले’ भन्दै जिम्मेवारीबाट पन्छिने प्रवृत्तिले निरन्तरता पाइरहन्छ। प्रदेशलाई साधनस्रोत नदिने, अधिकार प्रत्योजन नगर्ने अनि ‘प्रदेशको कामै छैन’ भन्ने भाष्य फैलाउने काम न्यायोचित नभएको मधेस प्रदेशसभा सदस्य राजकुमार गुप्ताले बताए। ‘यस्तो प्रवृत्ति संघीयताको प्रभावकारिता वृद्धिका लागि सबैभन्दा ठुलो अवरोध हो। यसको अन्त्य हुनुपर्छ,’ उनले भने।

# हुरीबतासबाट रुख ढलेर कटारीमा दुई जनाको मृत्यु, छ घाइते

गाईघाट, ३ चैत : उदयपुरको कटारी नगरपालिका–५ र ८ मा हुरीबतासबाट दुई जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक निरञ्जन थापाका अनुसार सोमबार साँझ आएको हुरीका कारण कटारी–८ थलियाटारका ४९ वर्षीया मीनामाया तामाङको कुटमेरो रुखको हाँगाले लागेर मृत्यु भएको छ।

यस्तै कटारी–५ तीनकुने चोक स्थत राधाकृष्ण मन्दिर नजिकै हुरीबतासका कारण सखुवाको रुख ढलेर लाग्दा ६४ वर्षीय वीरेन्द्र चौधरीको मृत्यु भएको छ। हुरीबतासकै कारण घाइते हुनेहरुमा कटारी–८ की स्थानीय २० वर्षीय कमलाकुमारी पुलामीमगर, कटारी–५ का मृतक चौधरीका नातिनी पाँच वर्षीय बिनिशा, सोही वडाका २७ वर्षीय युवराज कार्की, प्रेमचन्द्र दनुवार, लीलबहादुर दनुवार र १६ वर्षीय अस्मिता परियार रहेका छन्। घाइतेमध्ये दुई जनालाई विराटनगरस्थित नोबेल अस्पतालमा थप उपचारका लागि रिफर गरिएको छ। कटारी–५ का ४६ वर्षीय लीलबहादुर दनुवार र अर्का २० वर्षीय कमलाकुमारी पुलामी मगरलाई विटाटनगर रिफर गरिएको प्रहरीले बताएको छ। अन्य चार जनाको सोमबार साँझ नै कटारी अस्पतालमा सामान्य उपचारपछि ‘डिस्चार्ज’ गरिएको प्रहरीले जनाएको छ।

शव परीक्षणका लागि कटारी अस्पतालमा ल्याइएको र अहिले परीक्षणको तयारी गरिएको सूचना अधिकारी थापाले बताउनुभयो। हुरीबतास र वर्षाको कारण कटारीको पहाडी क्षेत्रमा घरका छाना उडाएको र सामान्य क्षति भएको विवरणहरू प्राप्त भइरहेको प्रहरीले जनाएएको छ ।

**श्री काभ्रे महादेव सा.ब.उ.स.**
**लहान–१६, नागबिले**

**बाह्य बिक्री वितरण सम्बन्धी १५ (पन्ध्र) दिने सूचना संशोधन बारेको सूचना**

यस सा.ब.उ. को मिति २०८२।११।२८ गते प्रकाशित सूचनामा २१ दिन हुनुपर्नेमा १५ दिन भएको हुँदा र २१ दिनभित्र हुनुपर्नेमा १५ दिन हुन गएकोमा सो सूचनालाई संशोधन गरिएको व्यहोरा सबैमा जानकार ीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)